# दुर्गाथली गाउँपालिकाको ११ औं गाउँसभाको समुद्घाटन समारोहमा पालिका अध्यक्ष श्री दिल बहादुर थापाद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०७९/०८० को

# नीति तथा कार्यक्रम

## विषयसूची

**हाम्रा रणनीतिक आधारहरु** ... 3

**क्षेत्रगत नीतिहरु** ... 5

**क. भौतिक पूर्वाधार विकास सम्बन्धी** ... 5

अ. यातायात पूर्वाधार ... 5

आ. भवन निर्माण तथा स्थानीय पूर्वाधार ... 6

इ. उर्जा, सञ्चार तथा सूचना प्रविधि पूर्वाधार ... 7

ई. आवास तथा बस्ती विकास ... 8

**ख. आर्थिक विकास** ... 8

अ. कृषि विकास ... 8

आ. पशु विकास ... 10

इ. सिंचाई ... 12

ई. सहकारी तथा रोजगार प्रर्वधन कार्यक्रम ... 12

**ग. सामाजिक विकास** ... 13

अ. शिक्षा ... 13

आ. युवा तथा खेलकुद ... 17

इ. स्वास्थ्य तथा आयुर्वेद ... 18

ई. खानेपानी तथा सरसफाई ... 20

उ. लैङ्गिक समानता तथा महिला सशक्तिकरण, वालवालिका, दलित, अपाङ्गता भएका व्यक्ति र जेष्ठनागरिक सम्बन्धि नीति ... 22

ऊ. सामाजिक सुरक्षा तथा संरक्षण ... 23

ए. न्याय तथा कानुनी परामर्श ... 25

**घ. वन, वातावरण र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन** ... 25

गाउँपालिका कार्यपालिकाको कार्यालय चौधारी, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

**ङ. उद्योग वाणिज्य, पर्यटन तथा संस्कृति** ........ 27

अ. उद्योग तथा वाणिज्य ........ 27

आ. पर्यटन तथा संस्कृति ........ 28

**च. योजना तर्जुमा तथा अनुगमन सम्बन्धी नीति** ........ 30

**छ. दुर्गाथली गाउँपालिकाको भागिनी सम्बन्ध** ........ 31

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

गाउँपालिका उपाध्यक्षज्यू ,

प्रमुख प्रशासकीय अधिकृतज्यू,

गाउँसभाका सभासद्ज्यूहरु,

पत्रकारमित्रहरु, राष्ट्रसेवक कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु !

१. सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना पछि गठित दोस्रो स्थानीय तहको निर्वाचनमा यस पालिकाका निर्वाचित जनप्रतिनिधिहरुलाई प्राप्त जिम्मेवारी सफलतापूर्वक वहन गर्न सहयोग गर्नुहुने सम्पूर्ण दुर्गाथली गाउँपालिकाबासी आमाबुवा, दाजुभाइ, दिदीवहिनीहरुलाई हार्दिक धन्यवाद तथा आभार प्रकट गर्न चाहन्छु। नेपालको हिमाली क्षेत्रको सुन्दर भूमि दुर्गाथली गाउँपालिकाको दीर्घकालीन सोच सहित अगाडि बढेको, हाम्रो विकास र समृद्धिको यात्रा आज पाँचौ वर्षपूरा गरि छैठौं वर्ष प्रवेश गर्दैगर्दा दश वटा गाउँसभा सम्पन्न भईसकेका छन्। गाउँपालिका अध्यक्षका रुपमा यस गरिमामय गाउँसभामा आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गर्वको अनुभूति भएको छ।

२. नेपाली जनताको सार्भभौम अधिकार सहितको लोकतान्त्रिक गणतन्त्र, संघीयता, धर्मनिरपेक्षेता, समावेसी समानुपातिक लोकतन्त्र, स्थापनाका लागि विभिन्न समयमा भएका जनआन्दोलन तथा जनयुद्धमा आफ्नो प्राण आहुति

गर्नुहुने ज्ञात-अज्ञात महान शहिदहरु प्रति उच्चसम्मान सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै, घाईतेयोद्धाहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

उपस्थित गाउँसभाका सभासद्ज्यूहरु,

म अब आगामी आर्थिक वर्ष ०७९/८० को लागि प्रस्तावित नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस वर्षको नीति तथा कार्यक्रममा गाउँपालिकाको शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, कृषिको आधुनिकीकरण, व्यवसायिकीकरण, विविधिकरण र बजारिकरण, यातायात व्यवस्थितिकरण, रोजगारमूलक क्रियाकलाप सृजना गरि उद्धमशिलता प्रवर्धन तथा पूर्वाधार विकासमा प्राथामिकतामा राखेको कुरा यस गरिमामय गाउँपालिकाको सभा समक्ष जानकारी गराउन चाहन्छु ।

यस गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य र रणनीति सहितको नीति तथा कार्यक्रम निम्नानुसार रहनेछ ।

- **दूरदृष्टि**

**" शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, संस्कृति र पूर्वाधार,**
**समुन्नत दुर्गाथलीको मूल आधार "**

- **उद्देश्य**

**" पारदर्शी नेतृत्व, सुशासनयुक्त सरकार,**
**जिम्मेवार पालिकावासी, लगनशील कर्मचारी "**

## हाम्रा रणनीतिक आधारहरु

१. संस्थागत विकास, सुशासन, सेवा प्रवाहमा सुधार र जनउत्तरदायी दुर्गाथलीको सरकार निर्माण गर्ने ।

२. आन्तरिक स्रोतको अधिकतम परिचालन गरी पालिकाको अर्थतन्त्रलाई उत्पादनशील बनाउने ।

३. उत्पादनशील क्षेत्रमा पालिकाको लगानी अभिवृद्धि गरि पालिकालाई समृद्ध बनाउने ।

४. पालिकामा रहेका सम्पूर्ण योजनाहरु तोकिएको समय र लागतमा सम्पन्न गरी पूर्वाधार विकासको आधारशिला मजबुत बनाउने ।

५. वित्तीय अनुशासन कायम गरि उत्पादनशील तथा रोजगारमूलक क्षेत्रमा लगानी तथा कार्यक्रम केन्द्रित गर्ने ।

६. गुणस्तरीय शिक्षा, सहज र सुलभ स्वास्थ्य सेवा, स्वच्छ खानेपानी, सरसफाईमा समतामूलक पहुँच, आयआर्जनका विशेष कार्यक्रम, कृषि तथा पशुपालन व्यवसायिक बनाउने, सीप विकास तालिम सञ्चालन गर्ने ।

गाउँसभाका सभासद्ज्यूहरु,

आगामी आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम देहायका विषयहरुलाई आधार लिएकोछु।

- नेपालको संविधान २०७२
- राज्यको निर्देशक सिद्धान्त र नीतिहरु
- संघीय नीति तथा कार्यक्रम
- १५औं योजनाका परिलक्षित उद्देश्यहरु
- सुदूरपश्चिम प्रदेशको नीति तथा कार्यक्रम
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको योजना तर्जुमा, दिग्दर्शन, २०७८
- राज्यका दीर्घकालीन लक्ष तथा उद्धेश्यहरु
- दिगो विकासका १७ वटा लक्ष्यहरु

प्रस्तुत नीति तथा कार्यक्रमको सफलतापूर्वक कार्यान्वयन तथा लक्षित उद्धेश्य प्राप्त गर्नका लागि देहाय बमोजिमको क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु।

# क्षेत्रगत नीतिहरु

## क. भौतिक पूर्वाधार विकास सम्बन्धी

१. गाउँपालिकाले सञ्चालन गरेका अधुरा योजनाहरुलाई प्रथामिकतामा राखि आगामी आ.व. मा सम्पन्न हुनेगरि कार्यान्वयन गरिने छ।

२. निर्माणकार्यलाई समयमै सम्पन्न गर्न र गुणस्तरीय बनाउनका लागि अनुगमन, मूल्याङ्कनलाई प्रभावकारी बनाई सार्वजनिक सुनुवाई गर्दा भिडियो क्लिप पेश गर्नुपर्ने नीति लिएकोछु।

३. वडा स्तरीय योजनाहरुको रकमान्तर नगर्ने र अति आवश्यक भएको अवस्थामा मात्र सम्वन्धित वडाको सिफारिसमा कार्यपालिका र गाउँसभाको निर्णय गरेबमोजिम हुने व्यस्था मिलाईनेछ।

### अ. यातायात पूर्वाधार

१. सातैवटा वडाहरुलाई गा.पा.केन्द्रसँग सडक सञ्जाल जोडि सडकको स्तरउन्नति गरिनेछ।

२. मौरीबगर - पाथिभेरा सडकको स्तरन्नोति गरी कालोपत्रेका लागि पहल गरिनेछ।, चौधारी – देउलेख – विनायक सडक, बाजगाडा - चुवाबन सडक, झोता - रकैल सडक, भ्वागडा – अठिमाँडा - रकैल सडक, बाँगझाड- भन्डेलगाउँ सडक, बाँगझाड – तिलेली – बाईकाट्टे - थली सडक, गैरागाउँ - तिरुवागाउँडाँडा सडक।

३. भुमाली – काँडागाउँ - बाल्याचौर सडक, सुडिखोला – अठिमाणा सडक, बासुधारा – सैन – गैरा सडक, चिमाडा – सेलागाउँ सडक, देउलेख – टोड्का सडक निर्माण कार्यका लागि पहल गरिनेछ।

४. गा.पा भित्रका मुख्य सडक, बजार र चोकहरुमा सडक बत्ती जडान गर्ने व्यवस्था गरिनेछ।

५. रोजगारी सिर्जना हुने र मेसिनरी औजार प्रयोग नहुने १५ लाख भन्दा मुनिका साना कृषि सडकहरुको निर्माण कार्य उपभोक्ता समितिवाट गरिनेछ।

६. सातैवटा वडामा आवश्यकताका आधारमा गोरेटो बाटो निर्माण गर्न बजेटको व्यवस्था गरिनेछ।

## आ. भवन निर्माण तथा स्थानीय पूर्वाधार

१. गा.पा. प्रशासकीय भवन, वडा कार्यालयहरुका भवन, गाउँपालिका स्तरीय अस्पताल भवन यसै आ.व. वाट निर्माण कार्य अगाडि बढाउन बजेटको व्यवस्था गरिनेछ।

२. गाउँपालिकाका सवै वडाका कार्यालय भवनहरु, स्वास्थ्यका भवनहरु, विद्यालयका भवनहरुको रङ गाउँपालिकाले तोके अनुसार लागूगर्ने व्यवस्था मिलाईनेछ।

३. दुर्गाथली गाउँपालिकामा यसै आ.व. वाट राष्ट्रिय भवन संहिता लागू गरिने व्यवस्था मिलाई सवै खाले घर, टहरा निर्माण कार्यलाई नियमन गरि नक्सा पासको दायरामा ल्याईनेछ।

४. स्थानीय तहको योजना तर्जुमा र कार्यान्वयनमा समावेशी सहभागिता र स्थानीय स्रोत परिचालन र दक्षता अभिवृद्धि गर्ने नीति लिईनेछ।

५. सबै वडा कार्यालय तथा पालिका अन्तर्गतका सरकारी कार्यालयहरुमा यसै आ.व. बाट ई – हाजिरीको व्यवस्था गरिनेछ ।

६. वडा नं. ४ को पिपल्कोट – भण्डेलगाउँ झुलुङ्गे पुलको DPR का लागि वजेटको व्यवस्था गरिनेछ ।

७. च्याकोट मन्दिरको DPR का लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

८. गा.पा. स्तरिय सभाहलका लागि संघ र प्रदेस सरकार सँग पहल गरिनेछ ।

९. गा.पा भित्ररहेका पानी घट्टलाई संरक्षण तथा आधुनीकीकरण गर्ने नीति लिइनेछ ।

### इ. उर्जा, सञ्चार तथा सूचना प्रविधि पूर्वाधार

१. यसै आ.व. बाट सुरुहुने गरि राष्ट्रिय विद्युत प्रसारण लाईन आगामी तिन वर्ष भित्र सवै घरटोलमा विद्युतीकरण गरि "उज्यालो दुर्गाथली" घोषणा गर्ने लक्ष्य पूरा गर्न यसै आ.व. बाट बजेटको उचित व्यवस्था गरिनेछ ।

२. सबै नागरिकमा सूचनाको पहुँच पुर्याउन आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गरिनेछ ।

३. नेट्वर्कको समस्यालाई समाधान गर्न टावरमा विधुतको जडान गरी थप टावर जडानका लागि पहल गरिनेछ ।

४. २ वर्ष भित्र पालिकामा अप्टिकल भाईबर पुर्याउन पहल गरिनेछ ।

५. "डिजिटल दुर्गाथली" अन्तर्गत गाउँपालिकाको डिजिटल प्रोफाईल निर्माण गर्न बजेटको व्यवस्था गरिनेछ ।

६. पालिकाको मौलिकता झल्कने "लोगो डिजाईन" गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

७. सूचना प्रविधिलाई शिक्षा, पठनपाठनमा प्रयोग गर्ने नीति लिईनेछ ।

८. पालिकाका विकट क्षेत्रहरुमा विद्युत पुर्याई विजुली घट्का लागि पालिकाले विशेष अनुदान दिन वजेटको व्यवस्था गरिनेछ ।

### ई. आवास तथा बस्ती विकास

१. अति विपन्न, सडकले घरआवासमा क्षेति पुर्याएका जनताहरुको आवास निर्माणका लागि पहलका साथै आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२. गरिब परिवारको घरमा खरको छाना लाई विस्थापित गरि जस्ताको छाना प्रयोग गर्न अनुदान दिने निति लिईनेछ ।

३. विपद् संवेदनशीलताका आधारमा एकीकृत र व्यवस्थित गाउँबस्ती निर्माण गर्ने नीति लिईनेछ ।

## ख.आर्थिक विकास

### अ. कृषि विकास

१. कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धिमा बिउको महत्वपूर्ण भूमिका रहने भएकाले उन्नत बिउ तथा मूल बिउ उत्पादन गर्ने कृषकलाई अनुदानको व्यवस्था मिलाईनेछ ।

२. "एक घर एक करेसावारी" , "एक वडा एक पकेट क्षेत्र" र "एक टोल एक उत्पादन" गर्ने नीति अवलम्बन गरिने छ ।

३. "विषादीमूक्त दुर्गाथली" को नीति अवलम्बन गरि अर्गानिक खेतीमा जोड दिईनेछ।

४. कृषिलाई आर्थिक वृद्धि र रोजगारीको प्रमुख संवाहकको रुपमा विकास गरिनेछ। गाउँपालिकाको कृषिनीति निर्माण गरी कृषिमा अनुसन्धान, यान्त्रीकिकरण, व्यवसायीकरण गरि कृषि विकासका लागि सिंचाई सुविधालाई प्रथामिकता दिईनेछ।

५. गुणस्तरीय, उन्नत विउविजन विकास गरि कृषकलाई प्रोत्साहित गर्न कृषिमा लाग्ने लागतमा कृषि अनुदानको व्यवस्था गरिनेछ।

६. गा.पा.भित्र तरकारी पकेट क्षेत्र, फलफूल पकेट क्षेत्र, वेसार पकेट क्षेत्र, भौगोलिक अनुकुलताका आधारमा पकेट क्षेत्र निर्माण गरि व्यवासायिक खेतीमा जोड दिने नीति लिइनेछ।

७. गाउँपालिका स्तरीय कृषि संकलन केन्द्र तथा हाट बजारको व्यवस्था गरिनेछ।

८. ३ वर्ष भित्रमा दुर्गाथली गाउँपालिकालाई तरकारी, दाल, दूध र मासुमा आत्मनिरर्भर बनाई ३ वर्ष भित्रमा ब्यवसायिक निर्यात गर्ने नीति लिईनेछ।

९. अगुवा कृषक लाई क्षमता वृद्धि गर्न तथा प्रविधि सम्बन्धि तालिमको व्यवस्था गरिनेछ।

१०.कृषि प्राविधिकहरुले कृषकको समस्याको समाधान तथा आवश्यक परामर्श दिन, अन्नबाली बोटविरुमा तथा तरकारीमा लाग्ने विभिन्न रोगहरुको नियन्त्रणका लागि प्राविधिक सहितको "कृषि घुम्ती शिविर" सञ्चालन गर्ने नीति लिइनेछ।

११.गा.पा भित्रका परमपरागत अन्न वाली (कोदो, फापर, गुण्धौलो धान, थापाचिनी धान, मार्स्या, कोदो, परापुलो धान, जौ, कागिनो/कागुनो आदी) को संरक्षण र प्रवर्धन गरिनेछ।

१२. वैदेशिक रोजगारबाट फर्केका तथा बेरोजगार युवाहरुलाई कृषि पेशामा आकर्षित गर्नका लागि व्यवसायिक खेती गर्न चाहने कृषकलाई अनुदान दिने व्यवस्था गरिनेछ।

१३. व्यवसायिक तथा सामूहिक तरकारी, फलफूल, वेसार, खेती गर्न चाहने कृषकहरुलाई प्रोत्साहन गर्न आफ्नो उत्पादन सहज रुपमा बजारसम्म पुर्याउनका लागि "कृषि एम्बुलेन्स" खरिद गर्ने व्यवस्था गरिनेछ।

१४. व्यवसायिक तथा सामूहिक खेतीमा जोड दिदै, कृषक लाई प्रोत्साहन गर्न उत्कृष्ट कृषक (व्यक्ति, फर्म) लाई पुरस्कार तथा सम्मान गरिनेछ।

१५. कृषि प्राविधिकद्वारा गा.पा. भित्र सम्भावित खेतीका लागि माटो परीक्षण गरिनेछ।

१६. कृषि सिंचाई पोखरी निर्माण गर्ने नीति लिइनेछ।

१७. मौरीपालनलाई व्यवसायिक बनाउन कृषकहरुलाई प्रोत्साहन गर्न मौरीघार र आवश्यक उपकरणको लागि अनुदानको व्यवस्था गरिनेछ।

१८. सामूहिक कृषि उत्पादन, उन्नत विउबिजनको उत्पादन, स्थानीय उत्पादनको भण्डारण, प्रशोधन, प्याकेजिङ र बजारीकरण गर्ने नीति लिईनेछ।

### आ. पशु विकास

१. दुग्ध विकासका लागि गाउँपालिका भित्र उन्नत जातका गाई, भैसी पालनमा कृषकलाई प्रोत्साहन गर्न अनुदान तथा बजारीकरणको सुनिश्चितता गर्ने निति लिईनेछ।

२. मासुजन्य पदार्थमा आत्मनिर्भर हुन बाख्रापालन, कुखुरा तथा पन्छीपालन, माछापालन र बंगुरपालनलाई ब्यवसायिकीकरण गर्न कृषकलाई प्रोत्साहनका लागि उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनेछ।

३. पशुविकासका लागि अनुसन्धानमूलक पशुचिकित्सक तथा औषधी अभाव हुन नदिन, पशुचिकित्सक सेवाको व्यस्थागरि महामारीजन्य रोगहरुको प्रभावकारी नियन्त्रण गर्ने नीति लिईनेछ।

४. व्यवसायिक गाई, भैंसी पालन गर्ने कृषकलाई पालिका भन्दा वाहिरबाट उन्नत जातका गाई, भैंसी खरिद गर्न र आयात गर्न अनुदानको व्यवस्था गरिनेछ।

५. पशुपालक कृषकहरुलाई सहज बनाउन उन्नत जातका वहुवर्षीय **"हरियो घाँस विकास कार्यक्रम"** प्रथामिकताका साथ कार्यन्वयन गरिनेछ।

६. पशुजन्य पदार्थहरुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न नश्ल सुधार तथा कृत्रिम गर्भाधान कार्यक्रम र बाँझोपनको समस्या निराकरण गर्न आवश्यक पशु चिकित्सक सहितको घरदैलो घुम्ती शिविर कार्यक्रम सञ्चालन गरिनेछ।

७. पशुपालन व्यवसायलाई आकर्षित गर्न कृषकलाई उत्पादनमा आधारित अनुदान दिने नीति लिईनेछ।

८. दुग्धजन्य बस्तु उत्पादन गर्ने, कृषकहरुको उत्पादन खरिद गर्ने तथा कृषिमा आधारित व्यवसाय गरि पालिकामा स्वरोजगार सिर्जना गर्ने कृषि सहकारी, श्रमसहकारी तथा

कृषिसमूहहरुलाई पालिकाले औचित्यताका आधारमा सहकार्य र अनुदानको व्यवस्था गर्नेछ ।

### इ. सिंचाई

१. गा.पा भित्रका खेतीयोग्य जमिनमा साना, मझौला र ठूला सिचाई योजना निर्माण, मर्मत कार्यकालागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२. सिंचाई कुलो नभएको खेतीयोग्य जमिनमा लिफ्ट सिचाई गर्ने नीति लिईनेछ ।

### ई. सहकारी तथा रोजगार प्रर्वधन कार्यक्रम

१. स्थनीयस्तरमा सामूहिक रुपमा उत्पादन तथा रोजगारी अभिवृद्धि गर्न सहकारितामूलक सिद्धान्तका आधारमा स्थानीय नागरिकलाई उद्धमशिलता प्रर्वर्धनका लागि यसै आ.व. बाट स्थानीय सहकारी ऐन तथा कार्यविधिलाई लागू गर्ने नीति लिईनेछ ।

२. स्थानीय स्तरमा संचालनमा रहेका तथा नयाँ दर्ता हुने सहकारी संस्थालाई नियमन, व्यवस्थापन तथा संचालन गर्न एवं सहकारी पारदर्शिताका लागि गाउँपालिकाले अभिलेखीकरणको नीति लिईनेछ ।

३. कृषि तथा पशुपालनको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न सहकारितामा आधारित व्यवसायलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

४. सहकारी शिक्षा र तालिम मार्फत सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गरि संस्थागत सुशासन कायम गर्न सहकारीका मूल्यमान्यता, सिद्धान्त र आदर्शका आधारमा सहकारी प्रवर्धन गर्ने नीति लिईने छ ।

५. सहकारीताको माध्यमबाट गाउँपालिकामा रहेको गरिबी तथा वेरोजगारी निवारणका लागि सहकारीतालाई प्राथामिकता र प्रवर्धन गर्ने नीति लिईने छ ।

६. उत्पादन र रोजगारी सिर्जना हुने क्षेत्रहरुमा गाउँपालिका र सहकारी संस्था वीच साझेदारी कार्यक्रमको निति लिईनेछ ।

७. कृषि सहकारी, श्रम सहकारी गठन, पुर्नगठन र विस्तार गरि कृषि र पशुपालन लाई व्यवसायिकीकरण गर्न सहकारी लाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

## ग. सामाजिक विकास

### अ. शिक्षा

१. गाउँपालिकाले शिक्षालाई विकासको मूल आधारमानी सवैकालागि गुणस्तरीय शिक्षाको पहुच जिवनोपयोगी सीप र ज्ञानमा आधारित समुन्नत समाज निर्माणका लागि शिक्षामा विशेष कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

२. "हाम्रो पहिलो रोजाई सामुदायिक विद्यालय" भन्ने नारा लाई आत्मसाथ गर्दै सामुदायिक विद्यालयहरुको स्तरन्नोति गर्दै आधुनिक र प्रविधियुक्त बनाईदै लिने नीति लिईनेछ ।

३. पालिकामा स्वास्थ्य उपचारमा चिकित्सकको अभाव भईरहने, पालिका वासिले समयमै उपचार नपाएर ज्यान गुमाउनु परेको दुखान्त लाई दृष्टिगत गरि **"आफ्नो गाउँमी आफनई डाक्टर"** नाराका साथ यसै आ.व. बाट "अध्यक्ष छात्रवृत्ती कार्यक्रम" लागु गरिने छ । अध्यक्ष छात्रवृत्ती कार्यक्रम अन्तर्गत दुईवर्ष यस

पालिकामा सेवा गर्ने सर्तमा, मेरिटका आधारमा, कार्यविधि अनुसार MBBS अध्ययनका लागि २०-२० लाखका दरले दुईजना विद्यार्थीलाई छात्रवृत्ती दिन वजेटको व्यवस्था गरिनुका साथै, गा. पा. भित्रका सरकारी तथा सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि कक्षा १२, SEE र कक्षा ८ को अन्तिम परीक्षामा उत्कृष्ठ नतिजा ल्याउने एक छात्र, एक छात्रा र एक दलित विद्यार्थीलाई पुरस्कारको व्यवस्था गरिनेछ।

४. नेपालको संविधानको प्रावधान एवं दिगो विकासको लक्ष्य बमोजिम गाउँपालिका भित्रका सवै वालवालिकाको निशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा पहुँच प्रत्याभूतिका लागि आधारभूत शिक्षाको हक सुनुश्चित गर्ने व्यवस्था मिलाईनेछ।

५. गाउँपालिका भित्ररहेका सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययन गरेका, गरिबीको रेखामुनि रहेका, आर्थिक रुपले विपन्न, जनयुद्ध तथा जनआन्दोलनमा अभिभावक गुमाएका शहिद तथा घाईते परिवारका सन्ततिलाई अध्यक्ष छात्रवृत्ती कार्यक्रम यसै आ.व. वाट लागू गरिनेछ।

६. गा. पा. भित्रका सामुदायिक सरकारी विद्यालयहरुको दरबन्दी मिलान गर्न, विद्यालय मर्ज, कक्षा थपघट लगायत कार्यहरु कार्यदलको प्रतिवेदनका आधारमा गरिनेछ।

७. यस आ.व. वाट माध्यामिक विद्यालयहरुमा ई-हाजिरीको व्यवस्था गरिनेछ।

८. यस आ.ब मा गा.पा भित्र तल्लो र माथिल्लो भेग समेटिने गरि एक-एक नमुना विध्यालय छनोट गरि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

९. गा.पा. भित्र यस आ.व. मा उच्च शिक्षा अध्ययनका लागि एउटा सामुदायिक बहुमुखी क्याम्पस स्थापना गर्न पहल समिति गठन गरि आवश्यक बजेट विनियोजन गरिनेछ ।

१०. CTEVT बाट मान्यता प्राप्त कोर्स (विषयहरु) पालिका भित्र एकमात्र कोर्ष लागूगर्ने नीति लिई दोहोरिएका कोर्षहरुको हकमा कोर्ष परिवर्तन गरि सञ्चालन गरिनेछ ।

११. "हाम्रा बालबालिका हाम्रो भविष्य" मान्यता अनुसार यसै आ.व. बाट शिशु र कक्षा एक (१) का कोठाहरु स्मार्ट र वालमैत्री बनाईने छन् । प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गरिनेछ ।

१२. आधारभूत र माध्यामिक विद्यालयका शिक्षकहरुलाई तालिमको व्यवस्था गरिनुका साथै सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुका लागि व्यवस्थापन तालिम सञ्चालन गरिनेछ ।

१३. शिक्षक अभावको समस्यालाई न्यूनीकरण गर्न "स्वंयमसेवक शिक्षक कार्यक्रम" अन्तर्गत Computer लगायत अन्य विषयका शिक्षकको व्यवस्था गर्ने नीति लिईनेछ ।

१४. सवै माध्यामिक विद्यालयमा Computer कोर्ष यसै आ.व. वाट अध्यापन गराईनुका साथै सामुदायिक विद्यालयमा ईन्टरनेट जडान गरिनेछ ।

१५. सामुदायिक विद्यालयहरुमा आवश्यकताका आधारमा भौतिक संरचनाको निर्माण गरिनेछ ।

१६. यस आ.व. वाट सुरु भएर  आगामी ३ वर्ष भित्र गा.पा भित्रका सबै विद्यालयहरुको घेरवार निर्माण गरिसक्ने नीति लिईनेछ ।

१७. नीजि लगानीका विद्यालयको नियमन गर्ने व्यवस्था गरि नाफामूलकबाट सेवामूलकमा रुपान्तरण गर्न प्रोत्साहन गरिनेछ ।

१८. विद्यालयभित्र करेसाबारी, फूलबारी उधान, वृक्षारोपण गर्ने नीति लिईनेछ ।

१९. माध्यामिक विद्यालयहरुमा आधुनिक पुस्तकालय बनाउने नीति लिईनेछ ।

२०. गा.पा भित्रका राजनीतिज्ञ, समाजसेवी, निजामती कर्मचारी, शिक्षकहरुका सन्ततिहरुलाई सरकारी विद्यालयमा अध्ययन गराउन प्रोत्साहन गरिने नीति लिईनेछ ।

२१. गाउँपालिकाले शैक्षिक क्यालेण्डर निर्माण गरी शैक्षिक कार्यक्रमलाई एकरुपताका साथ कार्यान्वयन गरिने छ । कक्षा ७, ८, ९ को परीक्षालाई एकरुपताका साथ संचालन एवं व्यवस्थापन गरिनेछ ।

२२. पालिकामा भएका सार्वजनिक पुस्तकालय लाई सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

२३. विद्यालय भित्र खेलकुद तथा अतिरिक्त क्रियाकलापहरु लाई सक्रिय बनाउने नीति लिइनेछ।

२४. शिक्षा शाखा, गा.पा प्रशासन र जनप्रतिनिधिबाट विद्यालयहरुको नियमन, अनुगमन र मूल्याङ्कन गर्ने नीति लिईनेछ।

## आ. युवा तथा खेलकुद

१. **"स्वास्थ्यका लागि खेल राष्ट्रका लागि खेल"** अनुसार खेलकुद र खेलाडीको विकास गर्न विशेष नीति लिईनेछ।

२. युवालाई आत्मनिर्भर, स्वावलम्बी र चरित्रवान बनाउने नीति लिईनेछ।

३. खेलकुद कार्यक्रमलाई प्रभावकारी बनाउन गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरि क्रियाशील बनाईनेछ।

४. "एक वडा एक खेलमैदान" निर्माण कार्यलाई जोड दिईनेछ।

५. पालिका स्तरको वहुप्रयोजन गर्न मिल्ने एक खेल मैदान निर्माण लाई निरन्तरता दिईनेछ।

६. दुर्गाथली गाउँपालिका भित्रका राष्ट्रिय खेलाडीहरुलाई सम्मान गर्दै, उनीहरुको अनुभवलाई भरपुर उपयोग गरिने नीति लिईनेछ।

७. व्यवसायिक कृषिखेती पशुपालन गर्न युवाहरुलाई प्रोत्साहन गरिनेछ।

८. युवामा स्वयंसेवी भावना बढाउन, सामाजिक जिम्मेवारी वोध गराउन, विपद् व्यवस्थापनमा योगदान गर्न तथा सामाजिक सुधारका कार्यमा परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

९. समाजसेवा तथा विपद्का बेला युवाहरुलाई स्काउटका माध्यमबाट सहभागी गराउने नीति लिईनेछ ।

१०. "गाउँपालिका अध्यक्ष / उपाध्यक्ष खेलकुद कार्यक्रम" अन्तर्गत पालिकास्तरीय खेलकुद सप्ताहलाई निरन्तरता दिईनेछ ।

११. दक्षजनशक्ति उत्पादन गर्नका लागि युवाहरुलाई विभिन्न सीपमूलक तालिम, स्वरोजगारका कार्यक्रम लाई लागू गर्ने नीति लिईनेछ । मोटरसाईकल, गाडी मोबाईल मर्मत, टेलिभिजन मर्मत, रेफ्रिजेरेटर मर्मत, प्लम्बिङ्ग, विजुली बत्ति मर्मत, मिस्त्रि, हेयर कटिङ, सिकर्मी र डकर्मी लगायतका तालिम दिई युवाहरुलाई स्वरोजगार बनाईनेछ ।

१२. यसै आ.व. बाट "नमुना युवा संसद स्थापना अभ्यास कार्यक्रम" लागू गरिनेछ ।

## इ. स्वास्थ्य तथा आयुर्वेद

१. महिला स्वास्थ्य स्वयंमसेविकाहरुलाई यसै आ.व. बाट लागू हुने गरी महिनाको १ हजार रुपियाँ थप प्रोत्साहन भत्ताको ब्यवस्था गरिनेछ ।

२. ८ महिना पुगेको गर्भवती र एक महिनाको सुत्केरी आमाहरुलाई एम्बुलेन्समा लाग्ने भाडामा ५० % छुट दिईनेछ ।

चौधारी, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

३. ७० वर्ष पुगेका र सो भन्दा माथिका विरामीहरुका लागि Ambulance मा लाग्ने भाडा मिनाहा गरिनेछ।

४. हजार दिन (गर्भ देखि २ वर्ष सम्मको वच्चा) को आमा र वच्चा लाई "उपाध्यक्ष कोसेली कार्यक्रम" लागू गरिनेछ।

५. स्वास्थ्य बीमा योजना अन्तर्गत पालिकाका सबै परिवारलाई स्वास्थ्य विमा गराउन प्रोत्साहन गरिनेछ।

६. क्यान्सर, मुटुका विरामी लगायत दीर्घरोगीहरुलाई गाउँपालिकाले दिने राहत कार्यलाई छिटोछरितो, चुस्त र पारदर्शी बनाईनेछ।

७. "अध्यक्ष स्वास्थ्य कार्यक्रम" अन्तर्गत जेष्ठ नागरिक, अपाङ्ग, अशक्त, बालवालिका, सुत्केरी आमाको घरघरमा महिनाको अन्तिम शुक्रवार निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिनेछ।

८. आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्दति मार्फत उपचार नसर्ने रोगको रोकथाम तथा स्वास्थ्य प्रवर्द्धनका क्रियाकलापहरु सञ्चालन गरिनेछ।

९. आयुर्वेद, योग, पञ्चकर्म एवं वैकल्पिक चिकित्साको विकासका साथै स्थानीय स्तरमा उपलब्ध औषधिजन्य जडिबुटी, खनिजको पहिचान सङ्कलन, संरक्षण र प्रवर्द्धन गरिनेछ।

१०. विभिन्न निकायहरुसँगको सहकार्यमा गा.पा. भित्र वार्षिक दुई पटक स्वास्थ्य शिविर सञ्चालन गरिने नीति लिईनेछ।

११. जनताको जीउधनको सुरक्षालाई मध्यनजर गर्दै पालिकाको माथिल्लो भेग (५, ६ र ७ वडा) लाई लक्षित गरि यसै आ.व. भित्र थप एम्बुलेन्सको व्यवस्था गरिनेछ । साथै, एम्बुलेन्स सञ्चालन कार्यविधि बनाई लागू गरिनेछ ।

१२. कोभिड – १९ विरुद्ध खोप कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

१३. सुरक्षित मातृत्व कार्यक्रमलाई गुणस्तरीय बनाउन स्वास्थ्य संस्थामा बर्थिङ सेन्टरको स्तरन्नोती गरी २४ घण्टा प्रसुती सेवा प्रदान गर्न नीति लिइनेछ ।

१४. नेपाल सरकारबाट तोकिएका निशुल्क औषधी स्वास्थ्य संस्थाबाट उपलब्धताको सुनिश्चितता गरिनेछ ।

१५. आत्महत्या रोक्न तथा मानसिक स्वास्थ्य सम्बन्धी समुदायस्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

१६. स्वास्थ्य चौकीहरुमा ई – हाजिरीको व्यवस्था गरिनेछ ।

## ई. खानेपानी तथा सरसफाई

१. खानेपानी तथा सरसफाई सेवाले मानवजीवनमा बहुआयामिक प्रभाव पार्ने भएकाले यसै आ. व. वाट "एक घर एक धार" को नीति लिई आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

२. खानेपानी र सरसफाई सेवाको पर्याप्त, सुरक्षित र सर्वसुलभ उपलब्धताबाट जनस्वास्थ्यमा सुधार गर्ने नीति लिईनेछ ।

३. पालिका भित्रका खानेपानीका स्रोत तथा जलाधार क्षेत्रको पहिचान, संरक्षण गरि पानीका मुहानहरुलाई पुनर्भरण (Recharge) गर्न अध्ययनका लागि DPR गरिनेछ।

४. परम्परागत पानीका मूल, कुवा, नाउला, धाराहरुको संरक्षण सम्बर्धन गर्ने नीति लिईनेछ।

५. सबै विद्यालयमा खानेपानी ट्यांङ्की सहितको स्वच्छ सफा खानेपानीको व्यवस्था मिलाईनेछ।

६. पुराना र सञ्चालनमा समस्या भएका तथा क्षतिग्रस्त खानेपानीका मुहान र आयोजनाको उचित मर्मत-सम्भार गर्ने नीति लिईनेछ।

७. लिफ्ट खानेपानी आयोजनाहरु वडा नं. १ को टमटाना लिफ्ट खानेपानी आयोजना , वडा नं ३ को रनफल लिफ्ट खानेपानी आयोजना, अठिमाडा लिफ्ट खानेपानी आयोजना र वडा नं. ५ को जाफ्री लिफ्ट खानेपानी आयोजनाको उचित अध्ययन गरि सञ्चालनमा ल्याईनेछ।

८. पालिका भित्रका बजार क्षेत्रमा फोहोर व्यवस्थापन गर्न बजार व्यवस्थापन समितिलाई अभिप्रेरित गरिनेछ।

९. मुख्य बजार क्षेत्रमा महिला-पुरुष सार्वजनिक शौचालयका साथै स्वच्छ खानेपानी सहित धाराको व्यवस्था गरिनेछ।

१०. मुख्य बजार क्षेत्रमा पालिकाले फोहोरमैला व्यवस्थापन स्थल (Sanitary Landfill Site) तोकिदिनेछ।

११. बजार क्षेत्रमा फोहोरमैलाको पृथकीकरण (जैविक, अजैविक र अन्य) गरि जैविक र अजैविक फोहोरमैलालाई पालिकाले तोकेको फोहोरमैला व्यवस्थापन स्थल (Sanitary Landfill Site) मा राख्नुपर्नेछ भने सिसाजन्य फोहोरलाई सम्बन्धित व्यक्ति वा पसलेले आफ्नो जमिन भित्र व्यवस्थापन गर्नुपर्ने छ। सो बमोजिम नभएमा स्थानिय सरकार सञ्चालन ऐनले तोकेबमोजिम कार्वाही प्रक्रिया लागू गरिने नीति लिईनेछ।

१२. सामुदायिक विद्यालयका छात्राहरुलाई सुरक्षित र सफा स्यानिटरी प्याडको व्यवस्था गरिनेछ।

## उ. लैङ्गिक समानता तथा महिला सशक्तिकरण, वालवालिका, दलित, अपाङ्गता भएका व्यक्ति र जेष्ठनागरिक सम्बन्धि नीति

१. लैङ्गिक समानता सम्बन्धी पालिकाले नीति, कानुन तथा कार्यक्रम तर्जुमा गर्नेछ।

२. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गरिने नीति लिई विभिन्न विभेद र शोषणमा परेका पीडित महिलाहरुको पक्षमा पालिकाले निःशुल्क कानुनी सहायताको व्यवस्था गर्नेछ।

३. उद्यमशीलताको माध्यमबाट महिलाको आर्थिक सशक्तिकरण गर्नका लागि पालिकाले "उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम" अन्तर्गत व्यवसायिक सिपमूलक तालिमको व्यवस्था गर्नेछ।

४. महिला समूहले सञ्चालन गरेका व्यवसाय, स्वरोजगार तथा उद्यमशिलता विकासका कार्यलाई पालिकाले विशेष प्राथमिकता दिई प्रोत्साहन गर्नेछ ।

५. बालबालिको पोषण अवस्थामा सुधार गर्न पोषण सम्बन्धि कार्यक्रम लाई थप सुदृढ बनाईनेछ ।

६. प्रारम्भिक बालविकास कार्यक्रमलाई विस्तार गरिनेछ । सबै प्रकारको बालश्रमको अन्त्य गर्न पालिकाले व्यवस्था गर्नेछ ।

७. दम, मधुमेह, उच्चरक्तचापका जेष्ठ नागरिक बिरामीलाई निशुल्क औषधीको व्यवस्था मिलाइनेछ ।

८. दिगो विकास लक्ष्य अनुरुप पालिकाले निर्माण गर्ने विद्यालय भवनहरुलाई अपाङ्ग मैत्री बनाईनेछ ।

९. एकल महिलाका लागि गाउँपालिकाले "एकल महिला, दलित एकल महिला प्रोत्साहन कार्यक्रम" ल्याउनेछ ।

ऊ. सामाजिक सुरक्षा तथा संरक्षण

१. "अनाथको अभिभावक गाउँपालिका" भन्ने नाराका साथ पालिकाका अनाथ, असहाय, बेवारिसे, अशक्त बालवालिकाको शिक्षा, स्वास्थ्य र आवासको व्यवस्था पालिकाले गर्नेछ ।

२. समाजवाद उन्मुख लोककल्याणकारी राज्यको अवधारणा बमोजिम सरकारले उपलब्ध गराउदै आएको "सामाजिक सुरक्षा भत्ता लाई घुम्ति वैंक सेवा" मार्फत वडाको केन्द्रमा वितरण गर्न ब्यवस्था गरिनेछ।

३. जनयुद्ध र जनआन्दोलनमा शाहदत प्राप्त गर्ने सहिद परिवारलाई कृषि र पशुपालन तथा अन्य व्यवसाय गरि आत्मनिर्भर बनाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ।

४. पालिका भित्र सामाजिक विकृति एवं विसङ्गति तथा लागुपदार्थ नियन्त्रण गरि सभ्य सुसज्जित, शान्त तथा सकारात्मक बाटोमा अगाडि बढाउन मदिरा नियन्त्रणको कार्याविधि बनाई लागू गरिनेछ।

५. परम्परागत रुढीवादी चालचलन, छुवाछूत, महिनावारी लगायत अन्य सामाजिक विभेदलाई अन्त्य गर्ने नीति लिईनेछ।

६. आयोडिनयुक्त नूनको पालिकामा डिपो स्थापना गर्नका लागि पहल गरिनेछ।

७. जनयुद्ध तथा जनआन्दोलनमा ज्यान आहुति गर्नुहुने महान सहिद परिवारहरुलाई यसै आ.व. बाट महिनाको तिन हजार (रू, ३,००० ।-) का दरले निर्वाह भत्ता दिने व्यवस्था गरिनेछ । साथै, जनयुद्ध तथा जनआन्दोलनका घाईते योद्धाहरुलाई महिनाको एक हजार पाँचसय ( रु, १,५०० ।-) का दरले निर्वाह भत्ता दिने व्यवस्था गरिनेछ।

८. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गर्न तालिम तथा गोष्ठीको व्यवस्था गरिनेछ।

९. दलितसमुदाय लक्षित कार्यक्रम लागुगरिने नीति लिएकोछु ।

## ए. न्याय तथा कानुनी परामर्श

१. नेपालको संविधान २०७२ ले परिकल्पना गरेअनुसार स्थानीय अदालतका रुपमा न्यायिक समितिबाट हुने न्याय निरुपणलाई दुर्गाथलई गा.पा. बाट सर्वसुलभ र छिटोछरितो रुपमा सम्पादन हुदै आएको र त्यसलाई आगामी दिनमा थप प्रभावकारी बनाउन आवश्यक स्रोतसाधनको व्यवस्था गरिनेछ ।

२. न्यायिक समितिले यस गा.पा. का वडाका मेलमिलाप समितिको क्षमता विकासमा जोड दिनेछ ।

## घ. वन, वातावरण र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

१. पालिकाको सुन्दरता अभिवृद्धि गर्न र वातावरणमैत्री गाउँपालिका निर्माण गर्न हरित पालिकाको अवधारणा अनुरुप दिगो वन तथा वातावरण व्यवस्थापनको नीति लिईनेछ ।

२. सार्वजनिक तथा वन क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्दै वातावरणीय सन्तुलन कायम गर्दै बनजन्य क्षेत्रको बहुउपयोग गरि आय र रोजगारी सिर्जनालाई प्राथामिकता दिईनेछ ।

३. पालिका भित्र रहेका सार्वजनिक जग्गा लाई हरियाली क्षेत्रको रुपमा विकास गर्न स्थानीयबासीको विशेष संलग्नतामा वृक्षारोपण कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

४. **"एक घर चार फलफूल विरुवा"** कार्यक्रम लागु गरिनेछ । भौतिक पूर्वाधारको विकास र प्राकृतिक वातावरणवीच सन्तुलन कायम गर्न, गा.पा. को लगानीमा हुने भौतिक पूर्वाधार निर्माणमा अनिवार्य रुपमा वोटहरु रोप्ने नीति लिईनेछ।

५. विद्यालयको घेरवार भित्र अनिवार्य वृक्षारोपण गर्नुपर्ने नीति लागू गरिनेछ।

६. पालिकाका खोला नाला तथा बाँझो जमिनमा नगदे वाली तथा उन्नतखालका बाँस, निङ्गाला आदिको वृक्षारोपण गर्ने नीति लिईनेछ।

७. पालिका भित्र भौगोलिक अनुकूलताका आधारमा कृषकहरुलाई व्यवसायिक जडिबुटी खेती गर्न अनुदान, कबुलियति लिज सहितको व्यवस्था गरिनेछ।

८. पालिका भित्ररहेका नदी तथा खोलाले कटान गरेका क्षेत्रहरु तथा भू-क्ष्य हुने क्षेत्रहरुमा तटबन्धनको व्यवस्था गरिनेछ।

९. सडक छेउमा भु-क्षय रोक्ने खालका बोटहरु (बाँस, निंगालो आदी.)लगाउने नीति लिईनेछ।

१०.विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् उत्थानमैत्री शासन पद्धतिको सुदृढीकरण गरिनेछ । विपद् जोखिम न्यूनीकरण गरि मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय क्षति कम गर्न विपद् व्यवस्थापनको वित्तीय रणनीति तयार पारि **"विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोष"** स्थापना र सञ्चालन गरिनेछ ।

११.विकास निर्माणका कार्यहरु वातावरण मैत्री र विपद् जोखिमको मूल्याङ्कनका आधारमा गरिनेछ।

१२. विपद् न्यूनिकरण गर्न विपद् जोखिमको मूल्याङ्कन गरि रोकथामका उपायहरु अपनाईनेछन्।

१३. सुरक्षित बस्तीविकासको नीति अनुरुप पालिकाको विपद्जोखिम नक्साङ्कन गर्न वजेटको व्यवस्था गरिनेछ। बाईकाट्टेको भौगर्भिक अध्ययन गरि प्रतिवेदनका आधारमा बस्ती बचाउन आवश्यक पहल गरिनेछ।

१४. नदी कटान तथा पहिरोको जोखिममा परेका नीजि घरहरुको क्षति "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोष" बाट सहयोग गर्ने नीति लिईनेछ।

## ङ. उद्योग वाणिज्य, पर्यटन तथा संस्कृति

### अ. उद्योग तथा वाणिज्य

१. औद्योगिक ग्रामको स्थापनाको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरि औद्योगिक ग्राम स्थापना गर्नका लागि संघ र प्रदेश सरकारसंग पहल गरिनेछ।

२. गा.पा भित्र साना तथा मझौला उद्योग स्थापना गर्न प्राथमिकता दिईनेछ। परम्परागत चलनमा आएका वाँस र निङ्गालोका वस्तु, अल्लो, बोल्लो, रामबाँस,भाङ्गोका लोतावाट बन्ने बस्तुहरुलाई थप विकास प्रवर्धन गरि घरेलु उद्योगका रुपमा व्यवसायिक तरिकाले सञ्चालन गर्ने नीति लिईनेछ।

३. हाते होजियारी लगायत सिपमूलक तालिममा महिलाहरुको सशक्त सहभागिता गराई साना उद्योगका रुपमा विकास गर्न पहल गरिनेछ ।

४. साना तथा मझौला उद्योग संचालनमा गर्न चाहने आन्तरिक तथा वाह्य लगानिकर्ता लाई प्रोत्साहन गर्न दर्ता शुल्क र ४ वर्ष सम्मको कर निशुल्क गरिनेछ ।

५. गा.पा. को लगानिमा खरिदहुने सामाग्रीहरुमा स्थानीय उत्पादनलाई प्राथामिकता दिईनेछ ।

६. प्राकृतिक स्रोत साधनबाट उच्चतम लाभ लिने हेतुले पालिका भित्र रहेका खानिजजन्य खानीहरुको उत्खनन् गर्दा पालिकालाई विशेष सहुलियत र आर्थिक लाभहुने संघ सरकारसँग पहल गरिनेछ । पालिका भित्रका निर्माण सामाग्रीजन्य खानीहरु (वालुवा, ढुङ्गा, गिट्टी, स्लेट आदी..) को विस्तृत अध्ययन गरेर यसै आ.व. बाट वार्षिक ठेक्का प्रक्रियामा गई पालिकाको राजस्व वृद्दि गर्ने नीति लिईनेछ ।

७. पालिका भित्र जुत्ता, चप्पल बनाउनका लागि छाला प्रसोधन केन्द्रलाई यान्त्रीकिकरण गर्ने नीति लिइनेछ ।

## आ. पर्यटन तथा संस्कृति

१. दुर्गाथली गाउँपालिकालाई सुरक्षित, गुणस्तरीय र पर्यटनमैत्री बनाई आकर्षक पर्यटन केन्द्रका रुपमा विकास गर्ने नीति लिईनेछ ।

२. पालिकाका विद्यालयहरुको पिक्निक स्पटका रुपमा चुवाबनमा भौतिक संरचनाको निर्माण गरिनेछ । साथै, सार्वजनिक-नीजि-सहकारी साझेदारीमा पालिकाका उपयुक्त स्थानमा होमस्टे सञ्चालन गर्ने नीति लिईनेछ।

३. परम्परागतरुपमा चलि आएका धार्मिक चाडपर्व, स्थानिय मेला हरुको व्यवस्थापन र प्रवर्धन गर्ने नीति लिईनेछ।

४. पालिका भित्र पर्यटन पदयात्राका लागि पदमार्गको पहिचान गरि सुरक्षित एवं सुविधासम्पन्न बनाउन जोड गरिनेछ।

५. स्थानीय मौलिक कला, साहित्य, डेउडा, दोहोरी, मागल, फाग, भैलो, भस्सो, गौरा जस्ता सास्कृतिक सम्पत्तिहरुको संरक्षण, प्रवर्धन गर्दै तीनिहरुको तथ्यपरक अध्ययन अनुसन्धान गर्ने नीति लिईनेछ।

६. जनयुद्धकालीन अवस्थामा शाहदत प्राप्त गरेका स्थानहरुलाई जगेर्ना गर्दै गुरिल्ला पार्कका रुपमा विकास गरिनेछ।

७. पोखल्लेखमा हुन सक्ने प्याराग्लाईडिङ का लागि अध्ययन गरिने छ।

८. गाउँपालिकाको तल्लो र माथिल्लो भेगमा एक-एक वटा प्यागौडा शैलीको मन्दिर निर्माण गर्न विभिन्न निकायमा सहकार्यका लागि पहल गरिनेछ।

९. नौंविस क्षेत्रमा लगाईने महिला पुरुषहरुको पहिरन लाई संरक्षण र प्रवर्धन गर्ने नीति लिईनेछ।

१०. स्थानीय स्तरमा प्रयोग गरिने बाजाहरुको संरक्षण र विस्तार गर्ने नीति लिईनेछ।

## च. योजना तर्जुमा तथा अनुगमन सम्बन्धी नीति

१. दीर्घकालीन सोच र पालिकाको प्राथमिकताका आधारमा योजना तर्जुमा गरिनेछ।

२. अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गरि तिन भागमा आयोजनाको वर्गीकरण गरि मूल्याङ्कन, छनोट तथा प्राथमिकीकरण गर्दै पालिकाको स्रोतवाट, सहलगानी र समपुरक तथा विशेष अनुदानमा सञ्चालन हुनेगरी "दुर्गाथली आयोजना वैंक " को स्थापना गरिनेछ।

३. आयोजनाहरुको व्यवस्थापन र कार्यक्रम कार्यान्वयनमा चुस्त र पारदर्शीता गरिनेछ।

४. समस्याग्रस्त पालिकाका आयोजनाहरुलाई पुनः प्राथमिकीकरण गरी औचित्यताको आधारमा कार्यान्वयनलाई निरन्तरता दिने नीति लिईनेछ।

५. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन व्यवस्था मार्फत पालिकाको शासकीय सुधार गरिनेछ।

६. पालिकाको अनुगमन समितिले फिल्डमा गएर अनुगमनको प्रतिवेदन पेश नगरेसम्म भुक्तानी नदिने निति यसै आ.व वाट लागू गरिनेछ।

७. उपभोक्ता समितिले गर्ने योजनाको काम उक्त समितिले ठेक्का, पट्टा दिएको पाईएमा पालिकाले भुक्तानी रोक्का गरि सम्झौता रद्द गर्ने निति लिइनेछ।

## छ. दुर्गाथली गाउँपालिकाको भागिनी सम्बन्ध

१. दुर्गाथली गा.पा.ले नेपालको संविधानको अधिनमा रहि पालिकाको हित, आर्थिक समृद्धिको उद्देश्यमा रहि तथा सांस्कृतिक र ज्ञानसीपहरु आदानप्रदान गर्न देश भित्रका विभिन्न पालिकाहरुसँग भागिनी सम्बन्ध कायम गर्नेछ ।

२. भागिनी सम्बन्ध कायम गर्ने उद्देश्यले पालिकाले "पालिका कुटनीतिकदूत" खटाउन सक्नेछ ।

३. यस पालिकाले अन्य देशका स्थानीय तहहरुसँग पनि भागिनी सम्बन्ध कायम गर्ने नीति लिईनेछ ।

४. देश भित्र रहेका विभिन्न अस्पताल, मेडिकल कलेजसँग पालिकाले स्वास्थ्य उपचार लगायत स्वास्थ्य शिविर सञ्चालन गर्न सम्बन्ध कायम गर्न सक्नेछ ।

**सम्मानित गाउँसभाका सभासद्ज्यूहरु,**

अब म एघारौं गाउँसभाको नीति तथा कार्यक्रमको अन्त्यतिर आईपुगेको छु । यस सन्दर्भमा समृद्ध दुर्गाथली गाउँपालिका बनाउनका लागि आवश्यक पूर्वधार निर्माण र व्यवस्थापनका साथै बालमैत्री विद्यालय, शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी, उज्यालो दुर्गाथलीको अभियान सम्पन्न गर्न, भ्रष्टाचारको अन्त्य तथा आर्थिक पार्दर्शिता, जनतालाई हरेक योजना तर्जुमा तथा योजना कार्यान्वयनमा प्रत्यक्ष सहभागिता गराउनु आजको आवश्यकता सम्झेको छु ।

दुर्गाथलीको विकास र समृद्धि हासिल गर्न, आत्मनिर्भरमा जोड दिदै व्यवसायिक कृषिखेतीमा स्थानीयलाई प्रोत्साहन गर्न आमजनसमुदाय, सम्पूर्ण राजनितिक दलहरु, सहकारी, गैरसरकारी संस्था तथा नीजि क्षेत्र लगायत विभिन्न साझेदार संघ संस्थाहरुको साथ र सहकार्यका लागि आव्हान गर्दछु ।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट पालिकाको विकास-समृद्धि र आत्मनिर्भरहुने लक्ष्यमा टेवा पुग्ने आशा गर्दै कार्यान्वयनमा सवैबाट सक्रिय सहयोग हुने विश्वास पनि व्यक्त गर्दछु ।

अन्त्यमा, एघारौं गाउँसभामा सहभागी प्रमुख अतिथि सुदूरपश्चिम प्रदेस सभा सदस्य माननीय श्री देवकी मल्ल थापाज्यू, गाउँपालिका उपाध्यक्षज्यू, प्रमुख प्रशासकिय अधिकृतज्यू, सम्पूर्ण वडा अध्यक्ष एवं सदस्यज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नीति तथा कार्यक्रम निर्माणमा खटिनुभएका कर्मचारीहरु, राजनीतिक दल, राष्ट्र सेवक, शिक्षकगुरुवर्ग, नीजि क्षेत्र, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, आम सञ्चार क्षेत्र लगायत संघसंस्था, विकासप्रेमी सम्पूर्ण दिदीबहिनी तथा दाजुभाई एवं सम्पूर्ण पालिकाबासीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

मिति : २०७९ असार ८ गते, बुधबार ।

# धन्यवाद !